## रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट असोज ३०, २०७४ साल संख्या : १**

**भाग – २**

## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम जटिल प्रकृतिका असाध्यरोग लागेमा गरिने आर्थिक सहयोग सम्बन्धी कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## रिब्दीकोट गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने व्यक्तिलाई जटिल प्रकृतिका असाध्यरोग लागेमा गरिने आर्थिक सहयोग (पोषणयुक्त खाना तथा यातायात खर्च बापत) सम्बन्धी कार्यविधि, २०७४

<u>कार्यपालिकाबाट पारित मिति २०७४।०६।३०</u>

यस रिब्दीकोट गाउँपालिका भित्र रहेका स्थायी रुपमा बसोबास गर्ने आर्थिक अवस्था न्यून भएका व्यक्तिहरुलाई दीर्घरोग लागेमा नेपाल सरकारबाट १ लाख सम्मको उपचार खर्च नि:शुल्क गर्ने व्यवस्था भएका रोगहरुको हकमा मान्यताप्राप्त अस्पतालबाट रोगको पहिचान गरी सोको जानकारी प्राप्त भएपछि गाउँपालिकाबाट पोषणयुक्त खाना तथा यातायात खर्चको लागी न्यूनतम दीर्घरोग (असाध्यरोग) को लागी गरिने आर्थिक सहयोग सम्बन्धि कार्यपालिका बैठक मिति २०७४।०६।३० गते स्वीकृत गरी कार्यान्वयन गरिएको छ ।

नियम १: असाध्य रोगहरु भन्नाले देहायका रोगहरुलाई जनाउँछ ।

(क) मुटुको रोग । (ख) मृगौला सम्बन्धि रोग ।
(ग) क्यान्सर रोग । (घ) अल्जाईमर ।
(ङ) पार्किन्सन ।

नियम २: माथि नियम १ मा उल्लेखित रोगहरुका हकमा देहाय बमोजिम आर्थिक सहायता प्रदान गरिनेछ ।
(क) मुटुको रोग रु. ६,०००।-
(ख) मृगौला सम्बन्धि रोग रु. ६,०००।-
(ग) क्यान्सर रोग रु. ६,०००।-
(घ) अल्जाईमर रु. ६,०००।-
(ङ) पार्किन्सन रु. ६,०००।-
यसरी सहायता प्रदान गर्दा एक आर्थिक वर्षमा एक पटक भन्दा बढी गरिने छैन ।

नियम ३: माथि उल्लेखित रोगहरुका अलावा नेपाल सरकारले पहिचान गरेका असाध्य रोगहरुको हकमा पनि मान्य हुनेछ ।

नियम ४: आर्थिक सहायता प्राप्त गर्नका लागी अस्पतालले रोग निदान गरेको पत्र, जिल्ला स्वास्थ्य कार्यालयको सिफारिश र वडा कार्यालयको सिफारिश हुनु पर्नेछ ।

नियम ५: माथि पहिचान नभएका तर असाध्य प्रकृतिका रोग जसले व्यक्तिको दैनिक जीवनमा प्रत्यक्ष असर पुर्‍याएको गाउँपालिकाका अध्यक्षल( ाई लागेमा गाउँकार्यपालिका तथा गाउँसभाबाट अनुमोदन गर्नेगरी आर्थिक सहायता गर्न सकिनेछ । यसरी सहायता गर्दा एक आर्थिक बर्षमा एक जना व्यक्तिलाई एक पटक भन्दा बढी गर्न सकिने छैन ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत